- सामान्य चलन के छ भने शिशुलाई एच.आई.भी. संक्रमण रोक्नमा मद्दतका लागि जतिसक्दो चाँडो मुखबाट र नसा मार्फत् ए.आर.टी. दिइन्छ।
- डाक्टरले प्रसवको प्रक्रियाको निर्धारण गर्नेछन् जसबाट एच.आई.भी. संक्रमणको जोखिमलाई कम पार्न सकियोस्।
- प्रसव पश्चात् स्तनपान नगराउन कडाईका साथ भनिन्छ।
- शिशुलाई मुखबाट ए.आर.टी. दिन जारी राखिनु पर्दछ र जन्मेको कैयन सातासम्म शिशु-चिकित्सकलाई देखाइ राख्नु पर्दछ, जसको उद्देश्य रोकथाम गर्नु र कुनै जटिलताको प्रारम्भमा नै पत्तो लगाउनु हो।
- शिशु संक्रमित भएको पुष्टी भएपछि, उसलाई उपयुक्त उपचार दिइन्छ र उसको स्वास्थ्यमा सुधारका लागि फलोअप सेवा प्रदान गरिन्छ।

तपाईंको शिशुको सुरक्षाका लागि, कृपया जाँच गराउनुहोस्।

द्रुत एच.आई.भी. जाँच र एड्सबारे तपाईंलाई अरू जानकारी चाहिएको खण्डमा, कृपया आफ्नो डाक्टर वा नर्ससित कुरा गर्नुहोस्।

एड्स हटलाइन २७८० २२११ मार्फत् हाम्रा परामर्शदातासित सम्पर्क गर्नका लागि पनि तपाईंलाई स्वागत छ।

**अरू जानकारीका लागि:**

एड्स हटलाइन: २७८० २२११
वेबसाइट: www.aids.gov.hk


**रेड रिबन सेन्टर -युएनएड्स कोलेबोरेटिङ्ग सेन्टर फर टेक्निकल सपोर्ट**

ठेगाना: २/एफ, वाङ्ग ताउ होम जोकी क्लब क्लिनिक,
२०० जंक्शन रोड इस्ट,
काउलून, हङ्गकङ्ग

टेलिफोन : (852) 3143 7200
फ्याक्स : (852) 2338 0534
ईमेल : rrc@dh.gov.hk


PA(AA4)/ 08-09(O)/ WOM-INF

सुत्केरी हुनै आँटेका महिलाहरूका लागि

# द्रुत एच.आई.भी. जाँच



आफ्नो शिशुको रक्षा गर्नुहोस्

尼泊爾文 Nepali


सर्वव्यापी प्रसवपूर्व एच.आई.भी. जाँच कार्यक्रममा द्रुत एच.आई.भी. जाँच

## सुत्केरी हुनै आँटेका महिलाहरूका लागि द्रुत एच.आई.भी. जाँचको उद्देश्य

गर्भवती महिलाले प्रसव अगावै उसको एच.आई.भी. स्थिति बारे जान्नु जरूरी छ। चाँडो पत्तो लाग्नाले नानीलाई भाइरस सर्ने जोखिमलाई घटाउनका लागि पाइलाहरू सार्न सकिन्छ। हङ्गकङ्गमा सबै गर्भवती महिलाहरूको प्रसव-पूर्व क्लिनिकमा एच.आई.भी.का लागि नियमित जाँच गरिन्छ। तर, विशिष्ट एच.आई.भी. जाँचको परिणाम प्राप्त हुने प्रक्रियामा १ साता भन्दा बढी समय लाग्न सक्छ।

तसर्थ, सुत्केरी हुनै आँटेको कुनैपनि महिलाका लागि र जसलाई अझसम्म उसको एच.आई.भी. स्थिति बारे थाहा छैन, केही मिनेट मात्रै लाग्ने द्रुत एच.आई.भी. जाँच तुरुन्तै गराइनु पर्दछ जसबाट शिशुको सुरक्षाका लागि यथोचित पाइलाहरू सार्न सकियोस्।


**द्रुत एच.आई.भी. जाँच गराउनु अघि एड्स, यसका परिणामहरू र सम्भावित परिणामहरूको अर्थको बारेमा बुझ्नु पर्दछ।**

## एड्स - एक्वायर्ड इम्युनोडेफिसिएन्सी सिन्ड्रोम

- ह्युमन इम्युनोडेफिसिएन्सी भाइरस, एच.आई.भी., ले गर्दा एड्स हुन्छ। शरीरमा प्रवेश गरेपछि, यो भाइरस दोब्बर हुँदैजान्छ र यसले रोग-निरोधक प्रणालीलाई ध्वस्त पार्दछ। यसले विस्तारै शरीरको प्रतिरोधक शक्तिलाई कम्ति पार्दै जान्छ, शरीरको रोग-निरोधक प्रणालीले अवसरवादी संक्रमणहरू वा असाधारण गाँठाहरूलाई रोक्न असक्षम हुन्छ, र अन्ततः मृत्यु हुन्छ।
- संक्रमणका बाटोहरूमा सामेल छन् सम्भोग, रगत सम्पर्क वा एक संक्रमित आमाबाट गर्भावस्था, प्रसव वा स्तनपानको दौरान उसको शिशुलाई। एक संक्रमित आमाबाट उसको शिशुलाई संक्रमणको दर १५% देखि ४०% छ।
- सामान्य सामाजिक सम्पर्क, लामखुट्टे वा किराले टोक्नाले एच.आई.भी. सर्दैन।

## द्रुत जाँच के हो र यो कसरी गरिन्छ?


- यस जाँचमा रगतको नमूनामा एच.आई.भी. एन्टीबडीजहरूको पत्तो लाग्दछ।
- रगतको नमूना फिंगरस्टीक वा भेनीपङ्चरद्वारा लिइन्छ। तपाईंको औंलीबाट रगतको स्यानो थोपा लिइन्छ र जाँचको परिणाम २० मिनेटपछि थाहा पाउन सकिन्छ।
- द्रुत एच.आई.भी. जाँच परिणाम नेगेटिभ (-ve) वा पोजेटिभ (+ve) हुन सक्छ।



रगतको नमूना लिनका लागि औंलीलाई घोचिंदैछ।



लूपलाई (रगत लागेको) जाँच किटमा हालिंदैछ।




जाँच परिणाम

## द्रुत एच.आई.भी. नेगेटिभ (-ve) परिणाम

- नेगेटिभ द्रुत एच.आई.भी. जाँच परिणामको अर्थ हो, गर्भवती महिला एच.आई.भी.बाट संक्रमित छैन। तर, "विन्डो पिरियड" बाट अवगत हुनु जरूरी छ। जब कुनै व्यक्ति संक्रमित हुन्छ, एच.आई.भी. एन्टिबडीजहरूको उत्पादन देखिने स्तरसम्म उच्च नहुन पनि सक्छ, यसरी गलत नेगेटिभ परिणाम आएको पनि हुन सक्छ, जसको अर्थ के हो भने शिशुलाई सर्न सक्ने सम्भावित भाइरसको उपस्थिति हुन सक्दछ।
- नेगेटिभ एच.आई.भी. रगत जाँचको परिणाम भएकी एक गर्भवती महिलाले स्वयंलाई र गर्भमित्रको भ्रुणलाई एच.आई.भी. संक्रमणबाट सुरक्षित राख्ने रोकथाममूलक उपायहरूलाई जारी राख्नु पर्दछ। यसमा सामेल छन् - सुरक्षित यौन सम्पर्क राख्ने जस्तै कन्डोमको प्रयोग गर्ने र लागु पदार्थ लिनेहरूसित सुईहरू बाँडचूँड गर्नबाट टाढा बस्ने।

## द्रुत एच.आई.भी. पोजेटिभ (+ve) परिणाम

- पोजेटिभ एच.आई.भी. जाँच परिणामको अर्थ हो - गर्भवती महिलालाई एच.आई.भी. संक्रमण हुने सम्भावना छ र उसको गर्भको नानी पनि एच.आई.भी.को सम्पर्कमा आएको हुन सक्छ।
- तर, गलत-पोजेटिभ परिणाम पनि आएको हुन सक्छ, तसर्थ, प्रारम्भिक जाँचमा पोजेटिभ परिणाम आएको खण्डमा अझ पुष्टीका लागि रगतको नमूनालाई प्रयोगशालामा पठाइनेछ।

**द्रुत एच.आई.भी. जाँच पूर्णतः गोप्य हुन्छ।**

## चाँडो पत्तो लाग्नाले - कसरी शिशुलाई लाभ पुग्न सक्छ?

- अध्ययनहरूले के देखाएको छ भने सुरुमा नै पत्तो लगाएर तुरुन्तै एन्टीरिट्रोभाइरल थेरेपी (ए.आर.टी.) दिइनाले आमाबाट नानीलाई हुने एच.आई.भी. को संक्रमणलाई, बेथा लाग्दा सुरु गरिएको भएता पनि र नवजात शिशुसम्म जारी राखियो भने पनि ५०% जति घटाउन सकिन्छ।